सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी
# भएको सूचना

मितिः २०७७।०४।३०

जिल्लाभित्र सार्वजनिक यातायात सञ्चालनसहित बन्दाबन्दी खुलेको निर्णय भए पनि त्यसपछिका दिनहरूमा कोरोना संक्रमणको बढ्दो अवस्थालाई मध्यनजर गरी विभिन्न जिल्ला तथा पालिकाभित्र पुनः बन्दाबन्दी, निषेधाज्ञा लगायतका आदेश जारी भई विभिन्न अदालतहरूबाट प्रवाह हुने सेवामा संकुचन ल्याउनु परेको अवस्था सबैमा विदितै छ।

काठमाडौं उपत्यकामा समेत संक्रमण बढ्दै गएको र परीक्षणबाट यस अदालतका कर्मचारी, माननीय न्यायाधीशका निजी सुरक्षाकर्मी समेतमा संक्रमण देखिई माननीय न्यायाधीशहरू नै होम क्वारेन्टिनमा रहनु परेको अवस्था छ। यस परिस्थितिमा सेवाप्रवाहमा संकुचन ल्याउन आवश्यक रहेको विषयमा नेपाल बार एशोसियसन तथा सर्वोच्च अदालत बार एशोसियसनबाट समेत अनुरोध भई आएको छ।

उल्लिखित पृष्ठभूमिमा अदालतमा सेवाग्राही, कार्यरत जनशक्ति, कानून व्यवसायी समेतको भीडभाड नहुने गरी संक्रमणको जोखिम न्यूनिकरण गर्न निर्धारित स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना हुनसक्ने गरी २०७७ साल भाद्र १५ गतेसम्मको अवधिको लागि बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई, विषयवस्तुको संवेदनशीलता र तत्काल सुनुवाई गर्नुपर्ने प्रकृतिको रिट निवेदनको दर्ता र सोको सुनुवाई, मुद्दा फिर्ता/मिलापत्र सम्बन्धी विषयको कामकारवाही तथा यस अदालतको मिति २०७७।४।८ को सूचना बमोजिम काठमाडौं उपत्यकाभित्रका सेवाग्राहीहरूले हदम्याद, म्याद र तारिखमा यस अदालतमा उपस्थित हुनुपर्ने अवस्थाको हकमा सोहीबमोजिम हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाइएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०७७।०४।३०

सह-रजिष्ट्रार, प्रशासन महाशाखा